सम्मानित गाउँसभाका सभाध्यक्षज्यू,
गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी लगायत दोस्रो गाउँसभा, उन्नाईसौं अधिवेशन (बजेट अधिवेशन)को दोस्रो बैठकमा उपस्थित महानुभावज्यूहरु,

अब म यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि संशोधित बजेट तथा कार्यक्रमको प्रस्ताव प्रस्तुत गर्न गइरहेको छु।

सभाध्यक्ष महोदय,

चालु आर्थिक वर्ष २०८२/८३ को आर्थिक कारोबार हुने अन्तिम दिन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) सुस्त भई चालु आर्थिक वर्षको केही कार्यसम्पन्न भएका र सम्पूर्ण भुक्तानी प्रक्रिया पूरा भई कार्यालयमा पेश भएका कार्यक्रम/आयोजनाको भुक्तानी हुन नसकेको कारणबाट ठूलो रकम भुक्तानी बाँकी भई आगामी आर्थिक वर्षको लागि भुक्तानी बाँकी दायित्व सिर्जना भएका कारण गत असार १० गतेको सम्मानित सभासमक्ष पेश गरिएको आय अनुमान भन्दा केही आय संशोधन गरी बढाईएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि संशोधित कुल अनुमानित आय ५३ करोड ७३ लाख ५५ हजार ९६४ अनुमान गरिएको छ।

| क्र.सं. | अनुदान/राजश्वका प्रकार | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | | |
| १ | वित्तीय समानीकरण | ९,०३,००,००० | नौ करोड तीन लाख |
| १. | सशर्त चालु अनुदान | २३,६१,००,००० | तेईस करोड एकसठ्ठी लाख |
| २. | सशर्त पुँजीगत अनुदान | २,४०,००,००० | दुई करोड चालीस लाख |
| ३. | समपूरक अनुदान | ७४,००,००० | चौरहत्तर लाख |
| जम्मा | | ३५,७८,००,००० (पैतीस करोड अठहत्तर लाख) | |
| प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | | |
| ४. | वित्तीय समानीकरण | ७९,४२,००० | उनान्असी लाख बयालीस हजार |
| ५. | सशर्त चालु अनुदान | ५४,४६,००० | चवन्न लाख छयालीस हजार |
| ६. | सशर्त पुँजीगत अनुदान | १,३१,००,००० | एक करोड एकतीस लाख |

| | | | |
|---|---|---|---|
| ७. | समपूरक अनुदान | १,००,००,००० | एक करोड |
| जम्मा | | ३,६४,८८,००० (तीन करोड चौसठ्ठी लाख अठासी हजार) | |
| बाँडफाँटबाट प्राप्त हुने राजश्व | | | |
| ८. | संघीय सरकार-राजश्व बाँडफाँट | ९,००,७१,००० | नौ करोड एकहत्तर हजार |
| ९. | बाडफाँटबाट प्राप्त बन रोयल्टी | १०,००० | दश हजार |
| १०. | प्रदेश सरकार-राजश्व बाँडफाँट | ७१,८६,९६४ | एकहत्तर लाख छयासी हजार नौ सय चौसठ्ठी |
| ११. | दहत्तर बहत्तर शुल्क | २९,००,००० | उनान्तीस लाख |
| १२. | घरजग्गा रजिष्ट्रेसन शुल्क | १०,००,००० | दश लाख |
| १३. | बाडफाँटबाट विज्ञापन कर | १,००,००० | एक लाख |
| जम्मा | | १०,१२,६७,९६४ (दश करोड बाह्र लाख सतसठ्ठी हजार नौ सय चौसठ्ठी रुपैयाँ) | |
| आन्तरिक स्रोत | | | |
| १४. | आन्तरिक राजश्व | ९५,००,००० | पन्चानब्बे लाख |
| १५. | बैंक मौज्दात | ३,२३,००००० | तीन करोड तेईस लाख |
| | | ४,१८,००,००० (चार करोड अठार लाख) | |
| कुल जम्मा आय अनुमान | | ५३,७३,५५,९६४ (त्रिपन्न करोड त्रिहत्तर लाख पचपन्न हजार नौ सय चौसठ्ठी रुपैयाँ) | |

**सभाध्यक्ष महोदय,**

१६. अब म सम्मानित सभासमक्ष अघि उल्लिखित आय अनुमानबाट विनियोजित कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।यी कार्यक्रमहरुलाई तीन भागमा सम्मानित सभासमक्ष वाचन गर्न चाहन्छु।

क. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरु

ख. प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरु

ग. गाउँपालिकाले विनियोजन गर्ने कार्यक्रमहरु

१७. सर्वप्रथम म संघीय सरकारबाट हस्तान्तरित सशर्त बजेट रकम २६ करोड ७५ लाखबाट केही कार्यक्रमहरु सभासमक्ष प्रस्तुत गर्न चाहन्छ । जसमा सशर्त चालु, सशर्त पुँजीगत र समपूरक अनुदान रहेका छन् । कार्यक्रमहरु अनुसूची -१ (एक) बमोजिम प्रस्ताव गरिएको छ।

१८. अब म प्रदेश सरकारबाट हस्तान्तरित सशर्त बजेट रकम २ करोड ८५ लाख ४६ हजारबाट केही कार्यक्रमहरु सभासमक्ष प्रस्तुत गर्न चाहन्छ। जसमा सशर्त चालु, सशर्त पुँजीगत र समपूरक अनुदान रहेका छन् ।कार्यक्रमहरु अनुसूची -२ (दुई) बमोजिम प्रस्ताव गरिएको छ।

१९. अब म गाउँपालिकाले विनियोजन गर्ने संशोधित बजेट रकम २४ करोड १३ लाख ९ हजार ९ सय चौसठ्ठीबाट विनियोजन गरिएको कार्यक्रमहरु सम्मानित सभासमक्ष प्रस्तुत गर्न चाहन्छ। उक्त बजेटबाट गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमतर्फ ९ करोड ९२ लाख ४२ हजार ४२७ रुपैयाँ, वडा कार्यालयहरुलाई ३ करोड २ लाख, शिक्षा तर्फ १ करोड ९२ लाख ८२ हजार ३६ रुपैयाँ, स्वास्थ्यतर्फ ३१ लाख, पशु सेवा र कृषि सेवालाई १०/१० लाख, महिला विकास तर्फ ६ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ ८ करोड ६८ लाख ८५ हजार ५०१ रुपैयाँ विनियोजन गरिएको छ । कार्यक्रमहरु अनुसूची -३ (तीन) बमोजिम प्रस्ताव गरिएको छ।

२०. अन्त्यमा, प्रस्तुत संशोधित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, सम्पूर्ण वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु, कार्यपालिका सदस्यहरु, सम्पूर्ण कर्मचारीहरु लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद !

जय मानेभन्ज्याङ !

(आश्राचन राई)

उपाध्यक्ष

सम्बत् २०८३ असार २९ गते सोमबार